नेपाल सरकार
# गृह मन्त्रालय
(लागू औषध नियन्त्रण शाखा)

फोन नं. ०१-४२११२२२
०१-४२११२८४
ईमेल: drug@moha.gov.np
moha.drugportal@gmail.com
फ्याक्स ०१-४२११२८३
Website: www.drugportal.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०७७/७८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ४१५

मिति: २०७७/१०/०६

विषय : स्वीकृत कार्यविधि कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा "लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान वितरण कार्यविधि, २०७७" नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७७/०९/२१ गते स्वीकृत भएको हुँदा सो को जानकारी तथा आवश्यक कार्यान्वयनको लागि स्वीकृत कार्यविधि पाना १८ (अठार) को छायाँप्रति यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अशोक कुमार राई)
शाखा अधिकृत

# लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान बितरण कार्यविधि, २०७७

नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट स्वीकृत मितिः २०७७/०९/२१

**प्रस्तावनाः** लागू औषध प्रयोगकर्ताहरुको उपचार सेवालाई प्रभावकारी बनाई प्रत्येक नागरिकलाई राज्यबाट प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी हकलाई प्रत्याभूत गर्न लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ बमोजिम संचालित उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रोत्साहनका लागि अनुदान प्रदान गर्न वान्छनीय भएकोले मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई प्रदान गरिने अनुदान बितरण कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले लागू औषध उपचार तथा पुनर्स्थापना केन्द्रलाई मन्त्रालयबाट प्रदान गरिने नगद वा जिन्सी समेतलाई सम्झनु पर्छ ।

(ख) "अन्य कुनै निकाय" भन्नाले सरकारी वा निजी क्षेत्रका निकाय सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्छ।

(घ) "कार्यक्रम अनुदान" भन्नाले सीपमूलक तालिम, गोष्ठी, सेमिनार वा उत्प्रेरणा अभिवृद्धि लगायत यस्तै प्रकारका क्षमता विकास सम्बन्धी कार्यक्रमका लागि दिइने अनुदान सम्झनु पर्छ।

(ङ) "केन्द्र" भन्नाले लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ अनुसार स्थापित उपचार तथा पुनर्स्थापना केन्द्र सम्झनु पर्छ।

(च) "छनौट समिति" भन्नाले यस कार्यविधिको दफा ९ बमोजिमको छनौट समिति सम्झनु पर्छ।

(छ) "निर्देशिका" भन्नाले लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनर्स्थापना केन्द्र संचालन निर्देशिका, २०७५ सम्झनु पर्छ ।

(ज) "पुँजीगत अनुदान" भन्नाले भवन निर्माण, फर्निचर, सवारी साधन तथा मेसिनरी खरिद वा यस्तै प्रकारका निर्माण वा खरिदका लागि दिइने अनुदान सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले गृह मन्त्रालय सम्झनु पर्छ।

(ञ) "मूल्याङ्कन तथा सिफारिस समिति" भन्नाले यस दफा ७ बमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति सम्झनु पर्छ।

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

३. **अनुदान दिन सक्ने:** (१) मन्त्रालयले केन्द्रको वार्षिक कार्यक्रम संचालन गर्न प्रोत्साहन स्वरुप देहाय बमोजिम अनुदान दिन सक्नेछ:

(क) पुँजीगत अनुदान

(ख) कार्यक्रम अनुदान

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्येक वर्ष प्रदान गरिने अनुदान रकमको अधिकतम सीमा र केन्द्रको संख्या मन्त्रालयको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ।

४. **अनुदान उपलब्ध नहुने अवस्था:** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा केन्द्रलाई अनुदान उपलब्ध गराइने छैन:

(क) वार्षिक साधारण सभा संचालन नगरेको,

(ख) संचालक समिति र लेखा समितिको नियमित रुपमा निर्वाचन नगरेको,

(ग) अघिल्लो आर्थिक वर्षसम्मको वार्षिक लेखा परीक्षण नगराएको,

(घ) अघिल्लो आर्थिक वर्षसम्मको लेखा समितिको वार्षिक प्रतिवेदन पेश नगरेको,

(ङ) मन्त्रालयबाट अनुदान प्राप्त गरिसकेका केन्द्रको हकमा एक वर्ष पुरा नभई सोही प्रकारको अनुदान गरेको,

(च) अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता प्रमाणपत्र पेश नभएको तथा प्यानमा दर्ता नभएको।

(छ) केन्द्र दर्ता भएको कम्तीमा दुई वर्ष पूरा नभएको।

(२) अन्तर्राष्ट्रिय गैह्र सरकारी संघ वा संस्था तथा अन्य कुनै निकायबाट अनुदान वा सहयोग प्राप्त गरी संचालन भइरहेको संस्थाको हकमा कार्यविधिको दफा ३ को उपदफा (१) (ख) बमोजिमको अनुदान बाहेक अन्य अनुदान प्रदान गरिने छैन।

## परिच्छेद - ३
## अनुदान प्रदान गर्ने प्रक्रिया

५. **आवेदन माग गर्ने:** (१) मन्त्रालयले अनुदानका लागि अनुसूची -१ बमोजिमको ढाँचामा १५ दिनको समय दिई अनुदानको प्रयोजन खुलाई आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) आवेदकले आवेदन साथ देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ:

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्बन्धित संस्था वा व्यावसायिक फर्मको विधानको प्रतिलिपि

(ग) मन्त्रालयमा आवद्धताको प्रमाणपत्रको प्रतिलिपि

(घ) मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि

(च) केन्द्र/संस्था रहेको स्थानको नक्सा

(छ) अनुसूची -३ बमोजिम ढाँचामा संस्थाको बित्तीय, भौतिक र मानव संशाधन सम्वन्धी विवरण

(ज) अनुसूची - ४ बमोजिम ढाँचामा अनुदान प्राप्त पश्चात गरिने संक्षिप्त कार्ययोजना

(झ) निर्देशिका बमोजिमका अन्य कागजातहरु ।

६. **<u>अनुदानको लागि सिफारिस:</u>** सम्वन्धित कार्यालयले प्रोत्साहन अनुदानका लागि दफा ५ बमोजिम मन्त्रालयमा आवेदन दिएका केन्द्रको स्थलगत अनुगमन गरी अनुसूची -२ बमोजिम ढाँचामा प्रतिवेदन साथ मन्त्रालयमा सिफारिस गरी पठाउनु पर्नेछ।

७. **<u>मूल्याङ्कन तथा सिफारिस समितिः</u>** (१) दफा ५ बमोजिम प्राप्त आवेदन उपर मूल्याङ्कन गर्न मन्त्रालयमा देहाय बमोजिम मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ:

(क) लागू औषध नियन्त्रण शाखा प्रमुख - संयोजक

(ख) अधिकृत, योजना अनुगमन तथा मुल्याङ्कन शाखा - सदस्य

(ग) अधिकृत, आर्थिक प्रशासन शाखा - सदस्य

(घ) अधिकृत, कानून तथा फैसला कार्यान्वयन शाखा -सदस्य

(ङ) उपचार तथा पुनर्स्थापना केन्द्र, महासंघले सिफारिस गरी मन्त्रालयले तोकेको कम्तीमा १ जना महिला सहित २ जना प्रतिनिधि -सदस्य

(च) शाखा अधिकृत, लागू औषध नियन्त्रण शाखा - सदस्य- सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम एक पटक तोकिएको प्रतिनिधि सोही आर्थिक वर्षको मूल्याङ्कन तथा सिफारिस कार्यका लागि मात्र मान्य हुनेछ ।

(३) मूल्याङ्कन तथा सिफारिस समितिले दफा ५ बमोजिम पेश हुन आएका आवेदन उपर मूल्याङ्कन गरी आफ्नो सिफारिस सहितको प्रतिवेदन दफा ९ बमोजिमको छनौट समिति समक्ष पेश गर्नु पर्नेछ।

८. **<u>मूल्याँकनका आधार तथा अंक विभाजन:</u>** दफा ७ बमोजिमको समितिले आवेदन उपर मूल्याङ्कन तथा सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

| क्र.सं. | विवरण | अंक भार | कूल अंक |
|---|---|---|---|
| १ | **केन्द्रको अद्यावधिक विवरण: (५ अंक)** | | |